# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २६, अकं ७, फागुन/चैत्र २०७७ Mar/Apr 2021


## ५४ औं वार्षिक साधारण सभा सम्पन्न




### समुद्घाटन समारोह

उद्योग वाणिज्य संघ-चितवनको ५४ औं वार्षिक साधारण सभाको समुद्घाटन सत्र २०७७ फाल्गुन २४ गतेका दिन संघको सभाहलमा (भौतिक एवम् भर्चुअल दूवै रुपमा) सम्पन्न भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त वार्षिक साधारण सभाको एक समारोह बीच उहाँले पानसमा दिप प्रज्ववलन गरि समुद्घाटन गर्नुभएको थियो। सो अवसरमा बोल्दै वरिष्ठ उपाध्यक्ष ढकालले देशको आर्थिक विकास र समृद्धिका लागि आन्तरिक र बाह्य लगानी आकर्षण गर्नुपर्ने बताउनुभएको थियो। कार्यक्रममा उपाध्यक्ष ढकालले देशको समृद्धि निजी क्षेत्रको सहकार्यबिना सम्भव नहुने धारणा व्यक्त गर्दै सरकारले पूर्वाधार निर्माण र उद्योगी व्यवसायीमैत्री नीति ल्याए देशमा प्रशस्त लगानी वातावरण सिर्जना हुनेमा जोड दिनुभएको थियो । हामीलाई पूर्वाधार निर्माणमा सहयोग गर्नुस् उद्योग व्यवसायीमैत्री नीति ल्याउनुस्, लगानी गर्न तयार छौं, वरिष्ठ उपाध्यक्ष ढकालले बताउनु भएको थियो ।




(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५० AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक**

राजेन्द्र ओली
कार्यसमिति सदस्य

**सदस्यहरु**

अशोक अधिकारी, अरुण कुमार खनाल, अमृत जोशी, सन्तोषजनक भुषाल, सञ्जय श्रेष्ठ, रेखा शर्मा, सिद्वार्थलाल चुके(सल्लाहकार), रामशरण सिलवाल (सल्लाहकार)

**सम्पादन**

निल बहादुर के.सी. (निलु)
कार्यकारी निर्देशक

**ले-आउट / डिजाइन**

सन्देश पौडेल
सूचना प्रविधि अधिकृत

विदेशी लगानीलाई आकर्षण गरे देशको कर संकलनमा वृद्धि र रोजगारी सिर्जनाबाट समृद्धिमा टेवा पुग्ने भन्दै ७ वटै प्रदेशमा आइएमई ग्रुपले केबुलकार निर्माणको काम अघि बढाएकाले नवलपरासीको मौलाकालिका केबुलकार निर्माणमा चितवनका उद्योग व्यवसायीलाई सहकार्य गर्न उहांले आग्रह गर्नुभएको थियो। चितवका उद्योगी व्यवसायी संगको सहकार्यमा विकास निर्माणको कार्य अगाडि बढाउन आफु सदैव तत्पर रहेको बताउँदै उहांले बर्तमान अवस्थामा लगानी प्रबर्द्धन गरिनुपर्ने बताउनु भएको थियो ।

कार्यक्रममा स्वागत मन्तब्य ब्यक्त गर्नुहुंदै उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष राजु श्रेष्ठले देश संघीय संरचनामा गएसंगै निजी क्षेत्रको भूमिका र जिम्मेवारी थपिएको बताउनु भएको थियो । कार्यक्रममा उहांले स्थानीय सरकार को सहकार्यमा उवासंघले पर्यटन प्रर्वद्धन गर्न सी मोडलबीचको निर्माण कार्य अघि बढाइरहेको जानकारी दिनु भएको थियो । व्यवसायीका लागि कर छुट, ब्याज छुटलगायत पुनर्लगानीका विषयमा उवासंघको पहलमा केही माग सम्बोधन गर्न सकिएको बताउँदै अध्यक्ष श्रेष्ठले मौद्रिक नीति तथा आर्थिक नीति मार्फत ल्याइएका कार्यक्रमहरुलाई लागु गर्न अनुरोध गर्दै कोरोनाका कारण प्रभावित बनेको उद्योग व्यवसाय क्षेत्रको प्रबर्द्धनमा थप ठोस कार्यक्रमहरु ल्याईनुपर्ने बताउनु भएको थियो ।

कार्यक्रममा भरतपुर महानगर प्रमुख रेनु दाहालले हरेक परिस्थितिमा आफूहरूले व्यावसायिक संस्थासँग मिलेर काम गर्दै आएको बताउनु भएको थियो । कोरोना कहरका बेला महानगरले उद्योगी व्यवसायीलाई करमा विशेष छुट दिएको र निजी क्षेत्रसँग सहकार्य गर्दै भरतपुरलाई नमुना महानगरका रूपमा विकास गर्न चाहेको उहांको धारण रहेको थियो । कार्यक्रममा महानगर प्रमुख दाहालले देशमै पहिलो पटक भरतपुर महानगरले पिपिपी अवधारणाबमोजिम २ अर्ब रुपैयाभन्दा बढीको लागतमा व्यावसायिक भवन निर्माणका लागि निजी क्षेत्रसँगको सम्झौता अन्तिम चरणमा रहेको जानकारी दिनु भएको थियो सो अवसरमा

...बाँकी ३ नं पेजमा

## दोश्रो सत्र (बन्द सत्र)

उद्योग वाणिज्य संघ–चिवतनको दोश्रो सत्र संघका अध्यक्ष श्री राजु श्रेष्ठको अध्यक्षतामा संघको सभाहलमा सम्पन्न भएको थियो। संघका अध्यक्ष श्री राजु श्रेष्ठले साधारणसभामा सहभागिताका लागि रजिष्ट्रेसन भएका सदस्य बमोजिम गणपुरक संख्या पुगेको घोषणा पश्चात दोश्रो सत्रको सुरुवात गरिएको थियो । दोश्रो सत्रमा संघका कार्यकारी निर्देशक निलबहादुर केसीद्धारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन माथि छलफल गरि पारित गरिएको थियो। यसै गरि संघका वरिष्ठ उपाध्यक्ष श्री चुननारायण श्रेष्ठज्यूबाट प्रस्तुत प्रस्तावहरु पनि बृहत छलफल पश्चात पारित गरिएको थियो। यसै गरि संघका प्रथम उपाध्यक्ष श्री सुमनकुमार श्रेष्ठज्यूबाट प्रस्तुत अर्थिक बर्ष २०७६।०७७ को आय व्यय विवरण र आगामी बर्ष २०७७।०७८ को अनुमानित आय व्यय विवरण सहित अनुमानित कार्यक्रम प्रस्तुत भई बृहत छलफल पश्चात पारित गरिएको थियो।

...बाँकी

विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले चितवनको समग्र विकासमा भए/गरेका कामको चर्चा गर्दै अब सबैको ध्यान विद्युतको अधिक खपत गर्ने गरी सोहीबमोजिम औद्योगिक वातावरण बनाउनुपर्नेमा जोड दिनु भयो । विद्युतीय सवारी साधनको उपयोग बढाउन र भान्छामा हुने ग्यास प्रयोगलाई घटाउन इन्डक्सन चुलोको प्रयोगलाई बढाउने अभियान नै चलाउनुपर्ने उहांको आग्रह रहेको थियो । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष रामचन्द्र संघाईले देशको राजनीतिक वातावरणले औद्योगिक वातावरण बिग्रेको बताउँदै असल व्यावसायिक वातावरणका लागि स्थिर सरकार पहिलो सर्त रहेको धारणा राख्नु भएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको तर्फबाट नेपाल विद्युत प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङलाई सम्मान गरिएको थियो । ५४ औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठ (भर्चुअल रुपमा) जिल्ला समन्वय समितिका प्रमुख कृष्णकुमार डल्लाकोटी, संघका निबर्तमान अध्यक्ष एव् नेउवामहासंघका कार्यकारिणसमिति सदस्य सहनलाल प्रधान, पूर्वअध्यक्ष महेन्द्रलाल प्रधान, रत्ननगर उवासंघका अध्यक्ष अनिलकृष्ण श्रेष्ठ, नेपाल शैक्षिक परामर्श संघका अध्यक्ष हिम्मत पुरी लगायतले शुभकामना मन्तब्य ब्यक्त गर्नुभएको थियो । समुद्घाटन समारोहकै अवसरमा संघद्वारा प्रकाशित विशेष बुलेटिनको विमोचन गरिएको थियो । संघका कार्यकारि निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको समुद्घाटन सत्रको समापन संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठको धन्यवाद ज्ञापन सहित सम्पन्न भएको थियो ।

# पूर्वबजेट सम्बन्धि छलफल कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनले २०७७ चैत २५ गते संघको सचिवालयमा आर्थिक वर्ष २०७८/२०७९ को पूर्व बजेट सम्बन्धि छलफल कार्यक्रम सम्पन्न गरेको छ । नेपाल राष्ट्र बैंकका प्रतिनिधि र संघका पदाधिकारी वीच छलफल कार्यक्रमको आयोजना गरिएको हो । छलफल कार्यक्रममा स्वागत गर्दै संघका वरिष्ठ उपाध्यक्ष श्री चुननारायण श्रेष्ठले कोभिड १९ को महामारीले मानवीय साथै आर्थिक संकट उत्पन्न भएको विसम परिस्थिति अझै पनि यथावत रहेकोले आगामी बजेट हालको परिस्थितिलाई सम्बोधन गर्ने खालको हुनुपर्ने बताउनु भयो । कार्यक्रममा उहांले बजेटले नीजि क्षेत्रका समस्यालाई सम्बोधन गर्दै आर्थिक समृद्धिका लागि ठोस योजना ल्याउनुपर्ने बताउनु भयो । कार्यक्रममा बोल्दै संघका प्रथम उपाध्यक्ष सुमन कुमार श्रेष्ठले वैदेशिक रोजगारमा गएको श्रमशक्ति फर्किनेक्रम संगै त्यसको असर आन्तरिक श्रमबजारमा पर्ने देखिएकोले यसले रोजगार सिर्जना र स्रोत परिचालनमा असर पर्ने बताउनु भयो । सोहि कार्यक्रममा मन्तब्य ब्यक्त गर्दै संघका दित्तिय उपाध्यक्ष चिरञ्जिवी सुवेदीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक स्थिति एवम् परिदृश्यलाई ध्यानमा राखी आगामी बजेट तर्जुमा हुनुपर्नेमा जोड दिनुभयो । मन्तब्यकै क्रममा संघका उपाध्यक्ष भोजराज कौडालले कोभिडका कारण क्षतविक्षत भएको पर्यटन, उड्डयन तथा यातायात क्षेत्र, औद्योगिक क्षेत्रको सुधारका साथसाथै पूर्वाधार निर्माण र उत्पादन एवम् रोजगारमूलक उद्योग स्थापनालाई आगामी बजेटले प्राथमिकता दिनुपर्ने बताउनु भयो । छलफल कार्यक्रममा नेपाल राष्ट्र बैंकका उपनिर्देशक आलोक ज्योती शाक्यले नेपाल राष्ट्र बैंकले आगामी बजेटमा स्थानिय आर्थिक गतिविधि, बजेटका नीतिगत सुधार, आर्थिक विकासका प्रमुख सम्भावना र चुनौती साथसाथै उद्यमी व्यवसायीका आवश्यकतालाई संकलन गरि समेट्ने योजना रहेको बताउनु भयो । कार्यक्रमा उहांले संघबाट प्राप्त भएका राय सुझावलाई सम्बन्धित निकायमा पुऱ्याउने प्रतिवद्धता ब्यक्त गर्नुभयो । उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर केसीले केहिदिनभित्रमै संघमा आवद्ध वस्तुगत संघ, कर्पोरेट सदस्य लगायतको भेला आयोजना

...बाँकी ८ नं पेजमा

# वस्तुगत संघको भेला सम्पन्न
# सरकारलाई तिन महले सुझाव पठाईयो।

उद्योग वाणिज्य संघ-चितवनले २०७७ चैत २६ गते संघको सचिवालयमा संघमा आवद्ध वस्तुगत संघको भेला सम्पन्न गरेको थियो । उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध रहेका वस्तुगत संघहरुको व्यवसायीक समस्या, सम्भावना, चुनौती र मागका बिषयमा राय संकलन गर्ने उद्देश्यले भेलाको आयोजना गरिएको हो । संघको भेलामा मन्तब्य ब्यक्त गर्दै संघका उपाध्यक्ष एवम् वस्तुगत संघ समन्वय समितिका संयोजक भोजराज कौडालले व्यवसायीबाट संकलन भएका समस्या, चितवनको समग्र विकासका सम्भावना, राज्यले अंगीकार गरेका कर, राजश्व तथा व्यवसायीक नीतिमा हुनुपर्ने परिबर्तन तथा संशोधन सम्बन्धि व्यवस्थाका लागि लगत्तै नेपाल राष्ट्रबैंक मार्फत अर्थमन्त्रालयमा पठाई आवश्यक पहल गरिने बताउनु भयो। कार्यक्रममा उपाध्यक्ष कौडालले आगामी आर्थिक बर्ष २०७८/२०७९ को बजेट तर्जुमा गर्नुपूर्व चितवनका व्यवसायीका मागहरु संप्रेशण गरि बजेट मार्फट संबोधन गराउन संघले प्रयास गर्ने बताउनु भयो। सोही कार्यक्रममा बोल्दै संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठले आगामी आर्थिक बर्षको बजेट र नेपाल राष्ट्र बैंकले ल्याउने मौद्रिक नीति एवम् आर्थिक नीति मार्फत व्यवसायीक समस्या समाधान गर्नका लागि राज्यका संयन्त्रका साथसाथै नीजि क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघबाट पनि आवश्यक पहल कदमी गरिने बताउनु भयो। कार्यक्रममा संघका प्रथम उपाध्यक्ष सुमन कुमार श्रेष्ठले वस्तुगत संघले राय सुझाव दिंदा चितवन जिल्लाको समग्र विकासका सम्बन्धमा पनि माग राख्नु पर्ने बताउंदै विकासका पूर्वाधारहरु थप हुन सकेमा आर्थिक क्रियाकलाप निरन्तर बृद्धि हुने बताउनु भयो। सोहि कार्यक्रममा मन्तब्य आफ्नो धारणा राख्दै संघका दित्तिय उपाध्यक्ष चिरञ्जिवि सुवेदीले समयमै व्यवसायीक समस्या सम्बन्धित निकायमा पुर्‍याउन सकेमा व्यवसायी पछि पछुताउनु नपर्ने बताउनु भयो। छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवन संग आवद्ध रहेका वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि, कर्पोरेट सदस्य लगायतले करमा एक द्वार प्रणाली लागु गरिनुपर्ने, आयात प्रतिस्थापन गर्ने कार्यक्रम ल्याईनु पर्ने, मुल्य अभिबृद्धिकरको दर घटाउनु पर्ने, दैनिक उपभोग्य वस्तुमा लाग्ने मुअकर छुट हुनुपर्ने लगायतका मागहरु राखेका थिए। सहभागि व्यवसायीहरुले उपभोक्ता संरक्षण ऐन अर्न्तगत व्यवसायीलाई लगाउने गरेको जरिवाना कम गरिनुपर्ने , कोभिड प्रभावित व्यवसायलाई राहत ल्याईनुपर्ने लगायत चितवन जिल्लाको पूर्वाधार विकास, कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रमा प्रयाप्त बजेट विनियोजन गरिनुपर्ने मागहरु राखेका थिए । आज सम्पन्न भेलाबाट संकलन भएका व्यवसायीका सुझाव तथा मागहरुलाई तिन महले सुझावको रुपमा नेपाल राष्ट्र बैंक र नेपाल उद्योग वाणिज्य महासंघ मार्फत अर्थ मन्त्रालयमा पठाईने संघले जनाएको छ । संघका उपाध्यक्ष भोजराज कौडालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा, संघका पदाधिकारी वस्तुगत संघका प्रमुख एवम् प्रतिनिधि, संघका कार्यसमिति सदस्य, कर्पोरेट सदस्य लगायतको सहभागिता रहेको थियो । बुधवार संघले यस क्षेत्रको विकास एवम् व्यवसायीक मागका सम्बन्धमा संघको हालै सम्पन्न ५४ औं वार्षिक साधारण सभाबाट पारित प्रस्तावहरु नेपाल राष्ट्र बैंकलाई बुझाएको सचिवालयले जनाएको छ ।



# नेपाल उद्योग वाणिज्य महासंघको ५५ औं वार्षिक साधारण सभा सम्पन्न

नेपाल उद्योग वाणिज्य महासंघको ५५ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०७७ चैत्र २८ गते एक समारोहको बीच काठमाण्डौंमा सम्पन्न भयो। वार्षिक साधारण सभाको सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीले समुद्घाटन गर्नुभएको थियो। सोही समारोहमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट महासंघको राष्ट्रिय आर्थिक रुपान्तरण २०३० को लोकार्पण गरि एको थियो। उक्त समारोहमा भिजन पेपरको कार्यान्वयनका लागि सरकार तथा निजी क्षेत्रबाट सामूहिक प्रतिबद्धता समेत जनाइएको थियो। समारोहलाई संबोधन गर्नुहुदै प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री ओलीले वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसका अवसरमा सिंगो निजी क्षेत्रलाई बधाई दिनुभयो। मुलुकको उद्योग व्यवसाय र समग्र अर्थतन्त्रको विकासमा महासंघको नेतृत्वदायी भूमिकाको प्रधानमन्त्रीले प्रशंसा गर्नुभयो। सरकारसंग विकास वाहेक अर्को कुनै एजेण्डा नभएको उहांले स्पष्ट पार्नु भयो। महासंघले अगाडी सारेको भिजन पेपरको कार्यान्वयनमा प्रधानमन्त्रीले पूर्ण प्रतिवद्धता जनाउनु भएको थियो। सन् २०३० सम्म दीगो आर्थिक विकासको लक्ष्य पुरा गर्न सरकारले अगाडी सारेका लक्ष्यलाई पुरा गर्नसमेत महासंघको भिजन पेपरले सहयोग पुर्याउने विश्वास लिएको बताउनुभयो। प्रधानमन्त्री ओलीले सरकार व्यापार घाटा घटाउन, निर्यात प्रवर्द्धन गर्न स्वदेशी उद्योगको प्रवद्धनमा केन्द्रित छ। सरकार र निजी क्षेत्रको सहयोगविना यो सम्भव छैन। तसर्थ एकै साथ र एकै तालमा सरकारसंग अगाडी बढ्न निजी क्षेत्रलाई आग्रह गर्नुभयो। स्वागत मन्तब्य दिनुहुँदै महासंघका अध्यक्ष शेखर गोल्छाले

...बाँकी ६ नं पेजमा

# पुर्वअध्यक्ष मिलन समारोह सम्पन्न




नेपाल उद्योग वाणिज्य महासंघको ५५ औं वार्षिक साधारण सभाको पूर्वसन्ध्यामा २०७७ चैत २६ गते काठमाण्डौंमा पूर्व अध्यक्ष मिलन समारोह सम्पन्न भएको थियो। जिल्ला तथा नगर उद्योग वाणिज्य संघ तथा वस्तुगत संघका पूर्व एवम् बर्तमान अध्यक्ष वीचको सम्बन्धलाई अझ प्रगाढ बनाउनुका साथै अनुभव आदान प्रदानगर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको महासंघले जनाएको छ। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको तर्फबाट संघका अध्यक्ष राजु श्रेष्ठ, निबर्तमान अध्यक्ष श्री सहनलाल प्रधान पूर्वअध्यक्ष श्री प्रचण्डलाल प्रधान, श्री मदनलाल जोशी , उत्तमलाल चुके, कल्याण जोशी र राजन गौतमको सहभागिता रहेको थियो।

...बाँकी

एउटा प्रष्ट भिजन लिएर अर्थतन्त्रको सुधारका लागि लाग्नु आवश्यक भएकाले महासंघले राष्ट्रिय आर्थिक रुपान्तरण २०३० (भिजन पेपर) मार्फत मुलुकको अर्थतन्त्रको विकासको लक्ष्य किटान गरेको बताउनुभयो । अध्यक्ष गोल्छाले भन्नुभयो भिजन पेपरको मुख्य उद्देश्य निजी क्षेत्रले मुलुकको समृद्धिमा योगदान दिनका लागि मार्गचित्र तयार पार्न हो । मुलुकको समृद्धिमा अहिले भन्दा अझ बढि, व्यवस्थित र प्रभावकारी योगदान दिन हामी तयार छौं अध्यक्ष गोल्छाले भन्नुभयो– त्यसैले त हामी नयाँ नाराका साथ प्रस्तुत हुँदैछौं । साधारण सभा चैत्र २८ र २९ गते सोल्टी होटल काठमांडौमा सम्पन्न भएको थियो । महासंघको उक्त साधारण सभामा उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष श्री राजु श्रेष्ठज्यूको नेतृत्वमा संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ, प्रथम उपाध्यक्ष सुमन कुमार श्रेष्ठको सहभागिता रहेको थियो । साथै संघका निबर्तमान अध्यक्ष सहनलाल प्रधानको महासंघको तर्फबाट सहभागिता जनाउनु भएको थियो ।






# उद्योग वाणिज्य संघ सहभागीता विवरण २०७७ फाल्गुण / चैत्र

| मिति | पदाधिकारीको नाम | पद | आयोजक | कार्यक्रम | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| २०७७/११/०२ | श्री निल बहादुर के.सी | कार्यकारी निर्देशक | आन्तरीक राजश्व विभाग | अन्तरक्रिया | होटल रोयल सेन्चुरी | |
| २०७७/११/०२ | श्री चुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | आन्तरीक राजश्व विभाग | अन्तरक्रिया | होटल रोयल सेन्चुरी | |
| २०७७/११/०५ | श्री चुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | जिल्ला ट्राफिक कार्यालय | जरिवाना बैंकीङ प्रणाली बाट सुरु गर्ने सम्बन्धमा | जिल्ला ट्राफिक कार्यालय | |
| २०७७/११/०६ | श्री भोजराज कौडाल | तृतिय उपाध्यक्ष | CAN | साधारण सभा | पर्व पार्टी प्यालेस | |
| २०७७/११/०७ | श्री राजु श्रेष्ठ | अध्यक्ष | प्रजातन्त्र दिवस मुल समारोह समिति | झन्डोत्तोलन | आपँटारी | |
| २०७७/११/०७ | श्री चुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | प्रजातन्त्र दिवस मुल समारोह समिति | झन्डोत्तोलन | आपँटारी | |
| २०७७/११/०७ | श्री निल बहादुर के.सी | कार्यकारी निर्देशक | प्रजातन्त्र दिवस मुल समारोह समिति | झन्डोत्तोलन | आपँटारी | |
| २०७७/११/१० | श्री निल बहादुर के.सी | कार्यकारी निर्देशक | तथ्याङ्क कार्यालय चितवन | अन्तरक्रिया | साना तथा घरेलु कार्यालय | |
| २०७७/११/११ | श्री राजु श्रेष्ठ | अध्यक्ष | भ.म.न.पा कार्यालय | आपतकाली सेवा संचालन सम्बन्धी कार्यक्रम | भ.म.न.पा कार्यालय | |
| २०७७/११/११ | पदाधिकारी /कार्यसमिति | | उद्योग वाणिज्य संघ-चितवन | प्यूठान उद्योग वाणिज्य संघ लाई स्वागत | | |
| २०७७/११/१२ | श्री राजु श्रेष्ठ | अध्यक्ष | नेउवा महासंघ | बैठक | धुलीखेल | |
| २०७७/११/१२ | श्री सहनलाल प्रधान | निवर्तमान अध्यक्ष | नेउवा महासंघ | बैठक | धुलीखेल | |
| २०७७/११/१५ | श्री चुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | नेपाल राष्ट बैंक | अन्तरक्रिया | होटल रेड कार्पेट | |
| २०७७/११/१७ | श्री राजु श्रेष्ठ | अध्यक्ष | उवासंघ-चितवन र हार्डवेयर व्या. संघ चितवन | कर सम्बन्धी अन्तर क्रिया | उद्योग वाणिज्य संघ-चितवन | |
| २०७७/११/१८ | श्री राजु श्रेष्ठ | अध्यक्ष | भरतपुर नागरीक उड्यान कार्यालय | प्राविधिकरण | भरतपुर नागरीक उड्यान कार्यालय | |
| २०७७/११/२४ | श्री राजु श्रेष्ठ | अध्यक्ष | इलेक्ट्रिक व्या. संघ | साधारण सभा | | |
| २०७७/११/२५ | श्री निल बहादुर के.सी | कार्यकारी निर्देशक | नेउवामहासंघ | बैठक | नेउवामहासंघ | |
| २०७७/११/२५ | श्री चुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | मुद्रण संघ चितवन | साधारण सभा | | |
| २०७७/११/२९ | श्री चुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | साईकल व्या. संघ चितवन | साधारण सभा | | |
| २०७७/११/२९ | श्री भोजराज कौडाल | तृतिय उपाध्यक्ष | भ.म.न.पा कार्यालय | राजश्व परामर्स समिति बैठक | भ.म.न.पा कार्यालय | |
| २०७७/१२/०२ | श्री राजु श्रेष्ठ | अध्यक्ष | NCC Bank | उद्घाटन | हाकीमचोक | |
| २०७७/१२/०३ | श्री राजु श्रेष्ठ | अध्यक्ष | भ.म.न.पा कार्यालय | बैठक | भ.म.न.पा कार्यालय | |
| २०७७/१२/१० | श्री राजु श्रेष्ठ | अध्यक्ष | भ.म.न.पा कार्यालय | समसामयिक बैठक | भ.म.न.पा कार्यालय | |
| २०७७/१२/१० | श्री राजु श्रेष्ठ | अध्यक्ष | सडक उपाभोक्ता समिति | बैठक | उद्योग वाणिज्य संघ-चितवन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७७/१२/१२ | श्री चुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | जिल्ला जनगणना कार्यालय | जनगणना सम्वन्धी | जिल्ला समन्वय समिति कार्यालय | |
| २०७७/१२/२० | श्री निल बहादुर के.सी | कार्यकारी निर्देशक | आन्तरीक राजश्व कार्यालय | अवैध नियन्त्रण सम्वन्धी | आन्तरीक राजश्व कार्यालय | |
| २०७७/१२/२२ | श्री राजु श्रेष्ठ<br>श्री सुमानकुमार श्रेष्ठ<br>श्री चिरञ्जिवी सुवेदी<br>श्री भोजराज कौडाल | कापडा व्यवसायी संघ | क्यालेन्डर विमोचन | | | |
| २०७७/१२/२३ | श्री राजु श्रेष्ठ | अध्यक्ष | खानेपाली व्यवस्थापन वोर्ड | वैठक | भ.म.न.पा कार्यालय | |
| २०७७/१२/२६ | श्री चुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | कुखुरा व्यवसायी मञ्च | साधारण सभा | भरतपुर गार्डेन रिर्सोट | |
| २०७७/१२/२६ | श्री राजु श्रेष्ठ<br>श्री सहनलाल प्रधान<br>श्री प्रचण्डलाल प्रधान<br>श्री उत्तमलाल चुके<br>श्री मदनलाल जोशी<br>श्री कल्याण जोशी<br>श्री राजन गौतम | अध्यक्ष<br>निवर्तमान अध्यक्ष<br>पूर्वअध्यक्ष<br>पूर्वअध्यक्ष<br>पूर्वअध्यक्ष<br>पूर्वअध्यक्ष<br>पूर्वअध्यक्ष | नेपाल उद्योग वाणिज्य महासंघ | पूर्वअध्यक्ष मिलन कार्याक्रम | रेडीसन होटल काठमाण्डौ | |
| २०७७/१२/२८ | श्री भोजराज कौडाल | तृतिय उपाध्यक्ष | फेन्सी व्या संघ चितवन | शुभकामना आदान प्रदान | उद्योग वाणिज्य संघ–चितवन | |
| २०७७/१२/२८ /२९ | श्री राजु श्रेष्ठ<br>श्री चुननारायण श्रेष्ठ<br>श्री सुमनकुमार श्रेष्ठ | अध्यक्ष<br>वरिष्ठ उपाध्यक्ष<br>प्रथम उपाध्यक्ष | नेपाल उद्योग वाणिज्य माहासंघ | ५५ औं साधारण सभा | सोल्टी होटल | |
| २०७७/१२/२९ | श्री भोजराज कौडाल | तृतिय उपाध्यक्ष | होटल व्या संघ चितवन | क्यालेन्डर विमोचन | जमघट रेष्टुरेण्ट | |
| २०७७/१२/३१ | श्री चुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | जिल्ला प्रसासन कार्यालय | कोभिड–१९ सम्बन्धी | जिल्ला प्रसासन कार्यालय | |
| २०७७/१२/३१ | श्री भोजराज कौडाल | तृतिय उपाध्यक्ष | किराना व्या. संघ | क्यालेन्डर विमोचन | | |


...बाँकी

गरि यस क्षेत्रको विकासकालागि आगामी बजेटमा समेटिने बिषय वस्तु तथा सुझाव संकलन गरि नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयमा पठाईने बताउनु भयो । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठले उद्योग वाणिज्य संघ–चितवनको हालै सम्पन्न ५४ औं वार्षिक साधारण सभाबाट पारित प्रस्तावहरु नेपाल राष्ट्र बैंकका उपनिर्देशक आलोक ज्योती श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो ।

# उवासंघ-चितवनमा घरेलु समिति गठन

उद्योग वाणिज्य संघ–चितवनले घरेलु, लघु, मझौला तथा साना उद्योगको विकास, प्रबर्द्धन र बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले घरेलु तथा सानाउद्योग समिति गठन गरेको छ । उद्योग वाणिज्य संघ–चितवनमा २०७७ चैत ३ गते सम्पन्न सम्बन्धित उद्यमीहरुको भेलाले उक्त समिति गठन गरेको हो । घरेलु, साना तथा मझौला उद्योग क्षेत्रको विकास, विस्तार तथा पबर्द्धनका लागि नेपाल सरकार एवं सम्बन्धित संघ संस्थाहरु संग समन्वय एवं सहकार्य गरि कार्य गर्नका लागी समितिगठन गरिएको संघका अध्यक्ष राजु श्रेष्ठले जानकारी दिनुभयो । नेपाल उद्योग वाणिज्य महासंघको घरेलु तथा साना उद्योग समिति बिभाग अर्न्तगत उक्त समिति गठन गरिएको र समितिले महासंघ संग सहकार्य गरि कार्यक्रमहरु आयोजना गर्ने संघका निबर्तमान अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणि समिति सदस्य सहनलाल प्रधानले बताउनुभयो । संघका कार्यसमिति सदस्य राजेन्द्र ओलीको संयोजकत्वमा समिति गठन गरिएको संघका कार्यकारि निर्देशक निलबहादुर केसीले जानकारी दिनुभयो । समितिका सदस्यमा लिलबहादुर क्षेत्री, अरुणकुमार खनाल, सुधा पोखरेल, दुर्गा प्रसाद गौतम, अनुशा पाठक, दिनुप बराल, संजय श्रेष्ठ र गोपाल गौतम रहनु भएको छ । यसै गरि सल्लाहकारमा संघका अध्यक्ष राजु श्रेष्ठ, निबर्तमान अध्यक्ष एवम् नेउवामहासंघका कार्यकारिणि समिति सदस्य सहनलाल प्रधान र पूर्वअध्यक्ष मित्रराज दवाडि रहनु भएको छ । मंगलवारनै नवगठित समितिको पहिलोबैठकसम्पन्नगरि निकट भविष्यमा कार्ययो जनातर्जुमा गोष्ठीको आयोजना गरि कार्यक्रम सञ्चालन गर्ने खसमितिका संयोजक राजेन्द्र ओलीले बताउनु भयो ।




Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०७८ वैशाख ७ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ३१०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | २९०० |
| ३. साना मंसुली | प्रति क्वि. | |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | २४०० |
| ५. धान मोटो नया | प्रति क्वि | २५०० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ५३०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ४८ |
| ९. मकै | प्रति क्वि. | २६०० |
| १०. गहुँ | प्रति क्वि. | ३२०० |
| ११. कोदो | प्रति क्वि. | ४४०० |
| १२. फापर | प्रति क्वि. | ६५०० |
| १३. चना | प्रति के.जी. | ९० |
| १४. केराउ | प्रति के.जी. | १२५ |
| १५. भटमास | प्रति के.जी. | १०० |
| १६. रहर दाल | प्रति के.जी. | १५० |
| १७. मसुरी दाल | प्रति के.जी. | १०८ |
| १८. मासको दाल | प्रति के.जी. | १४० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १४२ |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ७३ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ७२ |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | ७० |
| घ. क्याटल फिड | प्रति के.जी. | |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | २८ |
| २१. प्याज | प्रति के.जी. | ३८ |
| २२. तोरीको तेल | प्रति १० ली. | २८५० |
| २३. भटमासको टेल | प्रति १० ली. | |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ३३० |
| २७. मरिच | प्रति के.जी. | ७५० |
| २८. धनियाँ | प्रति के.जी. | १८० |
| २९. क. सुन | प्रति तोला | ९१००० |
| ख. चाँदी | प्रति तोला | ११४० |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज | प्रति बण्डल | १५९०० |
| ख. २६ गेज | प्रति बण्डल | १२४५० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १०५ |
| ख. ८ मि.मि. | प्रति के.जी | ९९ |
| ख. १० मि.मि. | प्रति के.जी | ९६ |
| ग. १२ मि.मि. | प्रति के.जी | ९७ |
| ३२. सिमेन्ट | | |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७४० |
| ख. निर्माण सिमेन्ट | प्रति बोरा | ६०० |
| ग. निर्माण सिमेन्ट | प्रति बोरा | ६०० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४०० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | ३०० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ६५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६५० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | १००० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ३६० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ७५ |
| ख. दही | प्रति लि. | ९० |
| ग. पनिर | प्रति के.जी. | ६८० |
| घ. क्रिम | प्रति लि. | ७०० |
| ङ. वटर | प्रति के.जी. | ८०० |
| च. घ्यू | प्रति के.जी. | १०५० |
| छ. खुवा | प्रति के.जी. | ९०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.....................................................................

.....................................................................

.....................................................................

.....................................................................

.....................................................................

..................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं.